बैठक नं ५०

आज मिति २०७८ साल आषाढ ६ (आठ) गतेका दिन यस पुतलीबजार नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री सीमा कुमारी क्षेत्री ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा भर्चुअल बैठक वसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र स | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | श्री सीमा कुमारी क्षेत्री | प्रमुख | |
| २ | श्री महेश पुरी | उप प्रमुख | |
| ३ | श्री निर्मल कुमार शेरचन | १ नं वडाध्यक्ष | |
| ४ | श्री तिलकराम श्रेष्ठ | २ नं वडाध्यक्ष | |
| ५ | ~~श्री अमृत कुमार श्रेष्ठ~~ का.वा. मित्रु नेपाली | ३ नं वडाध्यक्ष | |
| ६ | श्री ओम बहादुर खड्का | ४ नं वडाध्यक्ष | |
| ७ | श्री रामचन्द्र रेग्मी | ५ नं वडाध्यक्ष | |
| ८ | श्री कृष्ण बहादुर कार्की | ६ नं वडाध्यक्ष | |
| ९ | श्री विश्वेश्वर प्रसाद रेग्मी | ७ नं वडाध्यक्ष | |
| १० | श्री ~~राम बहादुर साही~~ का.वा. टेक बहादुर थापा | ८ नं वडाध्यक्ष | |
| ११ | श्री लिल प्रसाद गुरुङ | ९ नं वडाध्यक्ष | |
| १२ | श्री दुर्ग बहादुर शाह | १० नं वडाध्यक्ष | |
| १३ | श्री भवानी प्रसाद लामिछाने | ११ नं वडाध्यक्ष | भवानी प्रसाद |
| १४ | श्री दुत प्रसाद गुरुङ | १२ नं वडाध्यक्ष | |
| १५ | श्री ख्याम नारायण अधिकारी | १३ नं वडाध्यक्ष | |
| १६ | श्री शेषराज ढकाल | १४ नं वडाध्यक्ष | |
| १७ | श्री उमादेवी वस्याल | कार्यपालिका सदस्य | उमा |
| १८ | श्री टोपली दमै | कार्यपालिका सदस्य | टोप.ली |
| १९ | श्री तिल कुमारी रेग्मी देवकोटा | कार्यपालिका सदस्य | |
| २० | श्री रामकुमारी थापा | कार्यपालिका सदस्य | |
| २१ | श्री सीता भुजेल | कार्यपालिका सदस्य | सीता |
| २२ | श्री बाबुकाजी जि टी | कार्यपालिका सदस्य | |
| २३ | श्री सिद्धिमान कुमाल | कार्यपालिका सदस्य | |
| २४ | श्री रवि विक्रम के सी | आमन्त्रित सदस्य | |
| २५ | श्री पुरुषोत्तम शर्मा प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

बैठक संख्या : ५९

पुतलीबजार नगरपालिका, स्याङ्जा

बैठक सञ्चालन मिति :

प्रस्तावहरु :

२०७८/३/८

(१) आ.व. २०७८/७९ को बजेट सम्बन्धमा

(२) वन तथा वातावरण व्यवस्थापन सम्बन्धी विधेयक, २०७८ सम्बन्धमा

(३) कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको बिधेयक, २०७८ सम्बन्धमा

(४) वडाको सिमाना हेरफेर सम्बन्धमा

(५) सडक तथा सार्वजनिक स्थलको क्षेत्राधिकार तथा मापदण्ड सम्बन्धमा,

(६) विविध

निर्णय नं. १ :

यस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को लागि पेश गरेको रु. ८७ कारोड २२ लाख ५० हजारको वार्षिक बजेट, नगर विकास योजनाको विवरण र स्थानीय राजस्व परामर्श समितिबाट सिफरिश भएका कर, दस्तुर तथा शुल्कका दरहरुको विवरणका सम्बन्धमा शिर्षकगत रुपमा छलफल गरी वार्षिक बजेट, राजस्वका दर तथा नगर विकास योजनालाई पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :

नगर कार्यपालिका अन्तरगतको विधेयक समितिबाट सिफारिश भई पेश हुन आएको वन तथा वातावरण व्यवस्थापन सम्बन्धी विधेयक, २०७८ र सार्वजनिक सेवा तथा क्षमता विकास ( सुशासन) समितिबाट सिफारिश भई पेश हुन आएको कर्मचारीहरुको व्यवस्थापन गर्न बनेको बिधेयक, २०७८ लाई पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

नगर कार्यपालिकाको कार्यालयबाट नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न किसिमका बाटो, सार्वजनिक स्थल, नदी, खोला तथा खोल्साहरुको अध्ययन सोको विवरण समेत तयार गरी त्यस्ता किसिमका बाटो, सार्वजनिक स्थल, नदी, खोला तथा खोल्साहरुको क्षेत्राधिकार तथा मापदण्ड निर्धारण तथा स्वीकृतीको लागि पेश गरेकोमा त्यस्तो किसिमको क्षेत्राधिकार र मापदण्डका सम्बन्धमा बुँदागत रुपमा छलफल गरी विभिन्न किसिमका बाटो, सार्वजनिक स्थल, नदी, खोला तथा खोल्साहरुको तिनीहरुको पहुँचको अवस्था, हालको लम्बाई, चौडाई, भविश्यमा हुन सक्ने यातायातको चाप समेतलाई मध्यनजर गरी सोको आधारमा क्षेत्राधिकार तथा मापदण्ड निर्धारण गरी पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

~~निर्णय नं. ४ :~~

**निर्णय नं. ४ :**

कोभिड १९ संक्रमण नियन्त्रण र रोकथामको कार्यमा अग्रपंतीमा रही कार्य गर्ने स्वास्थ्यकर्मी तथा कोभिड नियन्त्रण तथा रोकथाममा प्रत्यक्ष संलग्न कर्मचारीहरुलाई जोखिम भत्ता प्रदान गर्ने सम्वन्धमा गण्डकी प्रदेश सरकारवाट रकम निकासा हुने भएको तर हाल निकासा प्राप्त भइनसकेकोले उक्त रकम निकासा प्राप्त भएपछि शोधभर्ना हुने गरी हाल नगरपालिकाको सञ्चितकोषवाट खर्च लेखी त्यस्ता कर्मचारीहरुलाई कामका आधारमा जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस नगरपालिका वडा नं ८ को हिले र अरौदीका ३४ घर परिवारले भौगोलिक हिसावले हामी बसोबास गरेको भुभाग वडा नं २ को केन्द्र रहेको स्थानसंग नजिक रहेको र हामीलाई वडा नं ८ को केन्द्रमा दैनिक सेवा लिनको लागि असुविधा भएकोले हामी बसोबास भुभागलाई वडा नं. २ मा गाभ्ने व्यवस्था गरी पाउँ भनी वडा कार्यालय मार्फत निवेदन पेश गरेको र सो सम्बन्धमा दुबै वडा कार्यालयले उक्त भूभाग वडा नं. २ मा गाभ्नको लागि आवश्यक व्यवस्थाको लागि सिफारिश समेत गरेकाछन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६ मा वडाको सङ्ख्या वा सीमाना हेरफेर गर्न आवश्यक भएमा गाउँ सभा वा नगरसभाको तत्काल कायम रहेको सदस्य सङ्ख्याको दुई तिहाई बहुमतबाट प्रस्ताव पारीत गरी प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउनु पर्नेछ र वडाको सङ्ख्या र सीमाना हेरफेर गर्नु पर्दा गाउँपालीका र नगरपालिकाको निर्वाचन हुनुभन्दा कम्तीमा एक वर्ष अगावैगरी सक्नु पर्नेछ भन्ने व्यवस्था भएकोले वडा नं. ८ को उक्त दुबै स्थानलाई वडा नं. २ मा गाभ्ने प्रस्ताव पारितको लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।